## नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ अनुसार

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कायक्षेत्रहरु

१. स्थानीय स्वायत्त शासन, स्थानीय विकास, दुर्गम क्षेत्र विकास, ग्रामीण विकास तथा सामुदायिक विकास, स्थानीयस्तरको सडक, सिँचाइ, खानेपानी, ढल निकास तथा सरसफाइसम्बन्धी नीति, योजना, कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

२. विकेन्द्रीकरण र निक्षेपणसम्बन्धी नीति निर्माण, कार्यान्वयन तथा अनुगमन

३. सङ्घीय शासन प्रणाली र राज्य पुनर्संरचना

४. समावेशी लोकतन्त्र

५. स्थानीय स्वायत्त शासन तथा स्थानीय सुशासन

६. अन्तरसरकार वित्तीय हस्तान्तरण तथा स्थानीय निकायहरूको वित्तीय व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्था एवं अनुगमन र मूल्याङ्कन

७. विकास क्षेत्र, अञ्चल, जिल्ला, गाउँ विकास समिति र नगरपालिकाको सीमाङ्कन

८. स्थानीय विकास कार्यक्रमबीच समन्वय

९. स्थानीय निकायहरूबीच समन्वय र सम्पर्क

१०. स्थानीय जनशक्ति र जनसहयोग परिचालन

११. स्थानीय विकाससम्बद्ध अन्तर्राष्ट्रिय सम्मेलन तथा सम्पर्क

१२. स्थानीयस्तरका हाट, बजार, मेला

१३. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ताको प्रशासन

१४. एकीकृत ग्रामीण विकास

१५. स्थानीय प्रविधिको पहिचान तथा प्रवर्द्धन

१६. स्थानीय तहका सडक (कृषि सडकसमेत

१७. गोरेटो/घोडेटो बाटो र झोलुङ्गे पुल तथा स्थानीय पुल

१८. जनजाति, आदिवासी, दलित, वादी तथा मुस्लिम विकास

१९. स्थानीय विकास

२०. जेष्ठ नागरिक, एकल महिलालगायतको सामाजिक सुरक्षा भत्ता

२१. ग्रामीण विकास तथा स्थानीय विकाससम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था

२२. नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको जनरल उपसमूहको सञ्चालन ।